महाराजगंज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः ०८१/०८२

चलानी नंः

मितिः २०८१/१२/२८

## तह मिलान तथा तह वृद्धिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८१/१२/२८ गते)**

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ७ बमोजिम तह मिलान र तह वृद्धि तथा सोही ऐनको दफा ३१ तथा स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम तह मिलान तथा तह वृद्धि प्रयोजनका लागि यस कार्यालयमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरुमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

**क) <u>दफा ७ को हकमा</u>**

१. सक्कल निवेदन,
२. हालको पदको स्थायी नियुक्ति/समायोजन/बढुवा पत्रको प्रतिलिपि,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
५. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
६. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तह मिलान/तह वृद्धिका लागि अयोग्य नरहेको स्व-घोषणा,
७. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

**ख) <u>दफा ३१ को हकमा</u>**

१. सक्कल निवेदन,
२. हालको पदको स्थायी नियुक्ति/समायोजन/बढुवा पत्रको प्रतिलिपि,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
५. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
६. पछिल्ला पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,
७. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्व-घोषणा,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

२०८१/१२/२८

दिपेन्द्र रेग्मी

प्रमुख प्रशासकीय अधिकृत


वेभसाइटः www.maharajgunjmun.gov.np ईमेलः info@maharajgunjmun.gov.np फोन नं. ०७६- ४०००५